# *शाकुन्तल* महाकाव्यको प्रतिपाद्य विषय

**यादवप्रसाद शर्मा**
सहप्राध्यापक, नेपाली विभाग, सरस्वती बहुमुखी क्याम्पस,त्रिभुवन विश्वविद्यालय
Email: yadavsharma134@gmail.com

*पेस गरिएको* जुन १३; *समीक्षा गरिएको* जुन २८; *स्वीकार गरिएको* जुन २८; *प्रकाशित* जुलाई २८

***लेखसार***

*महाकवि लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तल महाकाव्यको मूल प्रतिपाद्य विषयको पहिचानमा केन्द्रित प्रस्तुत अनुसन्धानात्मक लेखका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय स्रोतका आधारमा गरिएको छ र सङ्कलित सामग्रीको विश्लेषण पाठविश्लेषण विधिका आधारमा गरिएको छ । मूलतः शाकुन्तल महाकाव्यको प्रतिपाद्य विषयको विश्लेषण गरिएको यस लेखमा शाकुन्तल महाकाव्यमा अतीतको सांस्कृतिक पुनराख्यानलाई विषयवस्तु बनाएर वर्तमानलाई पोषण प्रदान गरी सचेत, समृद्ध, सङ्कटमुक्त तथा मूल्यवान् बनाउने प्रयास गरिएको छ । यस महाकाव्यमा वर्तमान युगका मनुष्यलाई पूर्वीय अतीतको यात्री बनाई पूर्वीय प्राकृतिक सभ्यताको उषाकालतर्फ आकर्षित गर्ने प्रयत्न गरिएको छ । मनुष्यमा अन्तर्निहित सृष्टिको विलक्षणता र रहस्यलाई बोध गर्न सक्ने विलक्षण रहस्यमयी शक्तितर्फ सङ्केत गर्दै प्रकृति एवं मानवमै ईश्वरीयता अन्तर्निहित रहेको कुरा व्यञ्जित गर्नुका साथै सहज-स्वाभाविक प्राकृतिक जीवनका माध्यमबाट नै मानिस दिव्यतासम्म पुग्न सक्ने र भोग तथा तपको समन्वयबाट नै जीवनको परिपूर्णता प्राप्त गर्न सक्ने विचार व्यञ्जित गरिएको छ । भौतिक भोगसाधना तथा आध्यात्मिक योगसाधनाको द्वन्द्वमा आध्यात्मिक र भौतिक शक्तिका बिच सन्तुलन/सामन्जस्य कायम गर्दै भौतिक शक्ति क्रमशः आत्मिक शक्तितर्फ उन्मुख भएको देखाउनु शाकुन्तलको प्रतिपाद्य विषयवस्तुको महत्वपूर्ण पक्ष हो । यस महाकाव्यले जीवन-जगत्को विराट् अभिव्यञ्जन, भौतिक-प्राकृतिक जगत्, नागरजीवन, तपोवन, राजगाथा, ऋषिगाथा, भौतिक आध्यात्मिक मूल्यका आरोह-अवरोहका साथै दुष्यन्त र शकुन्तलाको मिलन, विरह र पुनर्मिलनको चित्रण गरेको छ । दुष्यन्त तथा भरतको शासनकालको भारतवर्षीय आर्यसंस्कृति तथा सभ्यताको अभ्युदयलाई देखाउनु नै 'शाकुन्तल' महाकाव्यको मूल प्रतिपाद्य विषय हो भन्ने यस लेखको निष्कर्ष रहेको छ ।*

प्रमुख पदावली : आर्यसंस्कृति, आध्यात्मिक, ईश्वरीयता, जीवन्मुक्ति, दिव्यता

**विषयपरिचय**

बहुमुखी व्यक्तित्वका धनी लक्ष्मीप्रसाद देवकोटा (वि.सं.१९६६-२०१६) को साहित्यिक योगदान विविधतापूर्ण रहेको छ । महाकवि देवकोटाले *शाकुन्तल, सुलोचना, वनकुसुम, महाराणा प्रताप, पृथ्वीराज चौहान, प्रमिथस, अङ्ग्रेजी शाकुन्तल* र *सिकन्दर* आदि अनेकौं महाकाव्यहरू लेखेका छन् र ती महाकाव्यहरूमध्ये *शाकुन्तल* महाकाव्यलाई देवकोटाको र अझ नेपाली साहित्यको अहिलेसम्मकै सर्वोत्कृष्ट महाकाव्य मानिन्छ । महाकाव्य भन्नाले आख्यानसूत्रमा आबद्ध, कल्पित, ऐतिहासिक वा पौराणिक विषयवस्तुमा आधारित, सर्गबद्ध, विस्तृत एवं रसयुक्त गहन काव्य बुझिन्छ । *शाकुन्तल* देवकोटाले नेपाली भाषानुवाद परिषद्मा छँदा वि.सं. २००२ मा रचना गरेर त्यही वर्ष नेपाली भाषा प्रकाशिनी समितिबाट प्रकाशित भएको महाकाव्य हो । यो महाकाव्य देवकोटाको पहिलो पूर्ण महाकाव्य हो र समग्र नेपाली साहित्यमा भानुभक्त आचार्यको *रामायण*पछि आएको प्रभावशाली महाकाव्य हो । यसो भए तापनि *शाकुन्तल* महाकाव्य मौलिकताका दृष्टिले नेपाली साहित्यको पहिलो महाकाव्य मानिन्छ ।

प्रतिपाद्य शब्दको अर्थ प्रतिपादन गर्नुपर्ने वा प्रतिपादन गर्न योग्य/लायक भन्ने हुन्छ । प्रतिपाद्य विषय भन्नाले प्रतिपादन गर्नुपर्ने वा प्रतिपादन गर्न योग्य विषय, विचार गरिने कुरा वा वस्तु अथवा कुनै लेख-रचना, ग्रन्थ आदिमा विवेचना वा प्रतिपादन गरिएको कुरा वा प्रसङ्ग भन्ने पनि बुझिन्छ । *शाकुन्तल* महाकाव्यको प्रतिपाद्य विषय भन्नाले नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको प्रसिद्ध महाकाव्य *शाकुन्तल*मा प्रतिपादन गरिएको कुरा वा विषय भन्ने बुझिन्छ । देवकोटाको *शाकुन्तल* महाकाव्यका बारेमा प्रशस्त मात्रामा समालोचना, अध्ययन-विश्लेषण तथा शोध-अनुसन्धानहरू भएका छन् र तिनीहरूमा कृतिगत सन्दर्भ, महाकाव्य ढाँचा, शीर्षकीकरण, भावविधान, प्रबन्धविधान, आख्यानविधान, भाषाशैली, उक्तिढाँचा, लयढाँचा, विम्बप्रतीक, अलङ्कार, प्रकृतिचित्रण, सौन्दर्य चेतना, वक्रोक्ति, ध्वनि, रस, समाजचित्रण आदि विविध पक्षबाट विश्लेषण तथा अनुसन्धान गरिएको पाइन्छ । परन्तु उपलब्ध तथ्य, साक्ष्य र प्रमाणका आधारमा *शाकुन्तल* महाकाव्यको प्रतिपाद्य विषयको सूक्ष्म तथा गम्भीर अध्ययन गर्ने काम बाँकी नै रहेको हुँदा *शाकुन्तल* महाकाव्यको प्रतिपाद्य विषयको गम्भीर अध्ययन, अनुसन्धान एवं विश्लेषण गर्नु वाञ्छनीय देखिएकोले प्रस्तुत लेखमा उपर्युक्त अन्य विविध पक्षलाई अध्ययन नगरी महाकवि लक्ष्मीप्रसाद देवकोटाको *शाकुन्तल* महाकाव्यको प्रतिपाद्य विषयको सूक्ष्म अध्ययन तथा विश्लेषण गरी अन्त्यमा सङ्क्षिप्त निष्कर्ष दिइएको छ । यसबाट नेपाली भाषा र साहित्यका विद्यार्थी, साहित्यानुरागी पाठक, सर्जक, समालोचक तथा अनुसन्धाताहरूसमेत लाभान्वित हुने भएकाले प्राज्ञिक दृष्टिले यो अनुसन्धान औचित्यपूर्ण रहेको छ ।

## अध्ययनविधि

'*शाकुन्तल* महाकाव्यको प्रतिपाद्य विषय' शीर्षकको यस लेखका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय स्रोतबाट गरिएको छ । महाकवि देवकोटाको *शाकुन्तल* महाकाव्यलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ र *शाकुन्तल* महाकाव्यका सम्बन्धमा गरिएका शोध प्रतिवेदनहरू, समालोचनात्मक ग्रन्थ तथा लेखरचनाहरूबाट प्राप्त सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा इिएको छ । प्राथमिक तथा द्वितीयक स्रोतहरूबाट प्राप्त तथ्यहरूलाई ज्ञानको स्रोत र तिनीहरूको विश्लेषणबाट प्राप्त निष्कर्षलाई प्राप्तिका रूपमा लिइएको छ । साक्ष्य तथा विश्लेषणका लागि उद्देश्यमूलक नमुना छनोट विधिबाट काव्यांशको छनोट गरी पाठविश्लेषण विधिबाट निष्कर्षमा पुगिएको छ ।

## *शाकुन्तल* महाकाव्यको प्रतिपाद्य विषय

कुनै पनि साहित्यिक कृतिमा केही विषयको विवेचना वा प्रतिपादन गरिएको हुन्छ । साहित्यिक कृतिमा विवेचना वा प्रतिपादन गरिएको विषयवस्तुलाई नै प्रतिपाद्य विषय भनिन्छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाको *शाकुन्तल* महाकाव्यमा प्रतिपादन गरिएको मुख्य कुरा वा विषय नै त्यसको प्रतिपाद्य विषय हो । लक्ष्मीप्रसाद देवकोटा आधुनिक शिक्षामा नै दीक्षित भए पनि उनलाई प्राचीन आर्यसंस्कृतिको वैभवले प्रभाव पारेको पाइन्छ । पारिवारिक संस्कार र परम्परागत ज्ञानधाराको प्रभावस्वरूप देवकोटाको संवेदनले अतीतको आर्ष वैभवलाई आत्मसात् गरेको छ (गड्तौला, २०६९, पृ. ७५) र त्यसको प्रभाव उनको *शाकुन्तल* महाकाव्यमा पनि परेको छ । यसरी प्राचीन आर्यसंस्कृति तथा अतीतको आर्ष वैभवलाई आत्मसात् गरेको *शाकुन्तल* महाकाव्यको प्रतिपाद्य विषयलाई अतीतको पुनराख्यान, सांस्कृतिक पुनर्जागरणको स्वर, अतीतकेन्द्री विषयवस्तुबाट वर्तमानलाई शिक्षा, प्रकृतिमै सच्चिदानन्दस्वरूप ब्रह्मको आभासको अनुभूति र भोग तथा त्यागको समन्वयबाट नै दिव्यता एवं मोक्षको प्राप्ति उपशीर्षकहरूमा निम्नानुसार विवेचन गरिएको छ :

### अतीतको पुनराख्यान

जम्मा २४ सर्गमा रचित र करिब दुई हजार श्लोकहरू अनि दशहजार पङ्क्तिहरू रहेको *शाकुन्तल* महाकाव्य तीन महिनाको समयावधिमा रचना गरिएको कुरा महाकाव्यको भूमिकामा व्यक्त "लेखेँ तीनै महिनामा राती राती बसेर फुर्सदमा" भन्ने कवि स्वयंको आत्मस्वीकृतिबाट प्रस्ट हुन्छ । आफूले सिर्जना गर्न

थालेको काव्य निर्विघ्न परिसमाप्तिमा पुगोस् भन्ने हेतुले मङ्गलाचरणबाट काव्यारम्भ गर्ने पूर्वीय काव्यपरम्परालाई अङ्गीकार गर्दै शिवपार्वती र सरस्वतीको स्मरणबाट काव्यारम्भ गरिएको छ । पहिलो पूरै श्लोकमा शिवपार्वतीको स्मरण गरिएको छ भने दोस्रो श्लोकको चौथो पाउमा (त्यो आभा भर भारती, भरतको यो भारताऽऽकाशमा ॥ २ : २) भनेर सरस्वतीको स्तुति गरिएको छ ।

*शाकुन्तल* महाकाव्यको अङ्गी रस सम्भोग शृङ्गार रहेको छ र महाकाव्यको प्रारम्भ पनि शिवपार्वतीको प्रणयप्रसङ्गमा आधारित मङ्गलाचरणबाट नै गरिएको छ । मङ्गलाचरणबाट एकातिर देवकोटाको स्वच्छन्दतावादी प्रवृत्तिको प्रभाव प्रकट गरिएको छ भने अर्कातिर महाकाव्यको प्रतिपाद्य विषयतर्फ पनि सूक्ष्म रूपमा सङ्केत गरिएको छ । शार्दूलविक्रीडित छन्दमा रहेको मङ्गलाचरणश्लोक यस प्रकारको रहेको छ :

"चिम्ली लोचन दीर्घकाल तपमा खोलेर वासन्तिका ।
नाच्दी सुन्दर तालले पवनमा देखी फुलेकी लता ॥
बिर्सेझैं "भन को तिमी" यति भनी गौरी रुलाईकन ।
मुस्काएर फुल्याउँदा शिव दिऊन् कल्याणको चुम्बन ॥" (१ : १)

महाकाव्यको आख्यानविधानका मुख्य सन्दर्भहरूलाई मङ्गलाचरणका रूपमा रहेको उपर्युक्त प्रथम श्लोकले नै ध्वनित गरेको छ । यसमा एकातिर पहिले शिवको तपश्चर्या, त्यसपछि वसन्तको आगमन अनि शिवले पार्वतीलाई बिर्सेको अभिनय गरी जिस्किएर रुवाएको र त्यसपछि मुस्कुराएर फकाएपछि शिवपार्वतीको प्रणयमिलन भएको कुरा साङ्केतिक रूपमा आएको छ भने अर्कातिर शकुन्तलाको प्रथम तापस जीवन, त्यसपछि दुष्यन्तरूपी वसन्तसँगको मिलन अनि दुष्यन्तले बिर्सिदिँदा विरहको अश्रुसागरमा डुबेको र त्यसपछि मात्र दुष्यन्तसँग पुनर्मिलन भएको सिङ्गो आख्यानलाई एकै श्लोकमा प्रतीकात्मक रूपमा अभिव्यञ्जित गरिएको छ । *शाकुन्तल* महाकाव्यको प्रतिपाद्य विषयका बारेमा यस महाकाव्यको प्रथम सर्गमा प्रशस्त जानकारी दिइएको छ । यो महाकाव्य वर्तमानको बोध/अनुभूति मिश्रित पूर्वीय सांस्कृतिक अतीतको पुनराख्यान हो । संस्कृतको आर्ष महाकाव्य *महाभारत*मा प्रयोग गरिएको आख्यानात्मक विषय र संस्कृतकै महाकवि तथा नाटककार कालिदासले *अभिज्ञान शाकुन्तलम्* नाटकमा उपयोग गरेको पूर्वीय तपोवनी सभ्यतासँग सम्बन्धित आख्यानात्मक विषयवस्तुको प्रयोग यस *शाकुन्तल* महाकाव्यमा पनि गरिएको छ (अवस्थी, २०६४, पृ. ११३) । यस महाकाव्यमा महाकवि देवकोटाको मौलिक स्फुरणा, स्वच्छन्दतावादी भावलहरहरूको स्वच्छन्द प्रवाह र देवकोटाको युगचेतनाको पर्याप्त प्रभाव परेको छ । कालिदास तथा देवकोटा दुवैले शकुन्तलालाई भारतभूमिको प्रतीक, दुष्यन्तलाई त्यसको परिरक्षकको प्रतीक र भरतलाई भारतभूमिको तेजोराशिको प्रतीकका रूपमा कल्पना गरेका छन् (चापागाईं, २०५९, पृ. ६०-६१) ।' दुवैले आआफ्नो युग तथा युगबोध/युगचेतनाको पृष्ठभूमिमा उपजीव्य ग्रन्थको कथानक, पात्र, विषय आदिमा केही मौलिक परिवर्तन गरेका छन् । *महाभारत*मा प्रयोग गरिएको आख्यानका साथै *अभिज्ञान शाकुन्तलम्* नाटकको आख्यानात्मक विषयवस्तुको पनि प्रयोग गरिएको कुराको पुष्टि महाकवि आफैंले महाकाव्यको प्रथम सर्गको उन्नाइसौं श्लोकमा यसरी गरेका छन् :

"दाढीबाट सफेद व्यास ऋषिको गङ्गा बनेकी कथा ।
ओर्ली सल्बल कल्बलाउन चली पूर्वीय मैदानमा ॥
कालीदासकला बनेर रसिली कल्लोलकौतूहला ।
"पुग्छिन् सागर" भन्नु सत्य छ भने नाघ्लिन् बलौटो यही ॥" (१ : १९)

### सांस्कृतिक पुनर्जागरणको स्वर

स्वच्छन्दतावादी दार्शनिक रुसोको 'प्रकृतितिर फर्क' भन्ने उक्तिबाट प्रभावित भएर देवकोटाको *शाकुन्तल* महाकाव्यको मुख्य भावभूमि अगाडि बढेको छ । यस महाकाव्यले देवकोटाको प्राचीनताप्रतिको आकर्षण मात्र देखाएको छैन, प्रकृतितर्फ फर्कने प्रेरणा दिनुका साथै पूर्वीय आदर्श पनि प्रस्तुत गरेको छ (बन्धु,

२०५९, पृ. १४७) ।' प्रस्तुत महाकाव्यका माध्यमद्वारा महाकवि देवकोटा वास्तवमा भावनात्मक रूपमा समसामयिक समाज-जीवनलाई प्रकृतिमय प्राचीन आर्यसंस्कृतितर्फ फर्काउन चाहन्छन् । कविको यही चाहना अथवा सांस्कृतिक पुनर्जागरणको स्वर नै यस महाकाव्यको मूल स्वर हो (जोशी, २०४५, पृ. १७३) ।' वर्तमानसँग असन्तुष्ट हुँदै सुनौला यामतिरको भावात्मक प्रत्यावर्तन गर्ने अतीतको आर्यसभ्यताका नेपाली उद्घोषकका रूपमा देवकोटा यस महाकाव्यमा उपस्थित भएका छन् । कुमारबहादुर जोशीका अनुसार 'देवकोटा छन्दयोजना, शब्दविन्यास, पदलालित्य, अर्थगौरव र अलङ्कारको सृष्टितर्फ मात्र नलागी रोमान्टिक मूल प्रवृत्तिअनुरूप प्रकृतिप्रेम, प्राचीन आर्ष सभ्यताको स्वर्णयुग, उदार मानवतावादी भावना र स्वच्छन्द अभिव्यक्तितर्फ लाग्दछन् (भट्टराई, २०७५,पृ. ४) ।' देवकोटाले *शाकुन्तल*मा प्राचीन आर्ष सांस्कृतिक भूमिकालाई स्मरण गर्दै आजको दीनहीन वर्तमानलाई अतीतको सांस्कृतिक पवित्रतारूपी गङ्गाको जलधारले सिञ्चन गराउने अभिलाषा देखाएका छन् । देवकोटाले*शाकुन्तल*का माध्यमबाट श्रद्धाभक्तिविहीन भएर जलेको वर्तमान युगको मानवहृदयमा "(श्रद्धाभक्तिविहीन भै मुटु जली लाग्यौं नि ! जानै ढली १ :४)" प्राचीन आर्ष ज्ञान र संस्कृतिको मलम लगाउन चाहेका छन् । उत्तम घटना रहित, धुलि धुसरित, छोटो जीवनमा सौन्दर्य तर्फ आकर्षित नभई हामी वर्तमानको अन्धवेणी परम्परालाई अनुसरण गर्दै सस्ता लक्ष्यमा तुच्छ नाफा/स्वार्थका लागि दौडिरहेका छौं । केवल सास फेरेकाले मात्रै जीवित रहेको अनुभूति गर्नुपर्ने अर्थात् केवल सास फेर्नुजस्तो मात्र रहेको हाम्रो वर्तमान जीवनमा विगतको समृद्धि/सम्पन्नता प्राप्त नहुने हो भने अत्यन्त दीनहीन बन्नुपर्ने भएकोले समृद्धिको पुरानो कथा लेखेको कुरा यसरी औंल्याउँछन् :

"छोटो दैनिक जिन्दगी, न घटना भन् धूलिले धूसर ।
सस्ता ताक नफा लिएर छ सदा अन्धो, नभै सुन्दर ॥
सासै फेर्नु छ वर्तमान नमिले यो भूतको आढ्यता ।
हामी दीन र हीन बन्नु छ भनी लेखें पुरानो कथा ॥" (१ :१०)

देवकोटाले अतीतको आदर्श जगत्लाई महाकाव्यमा बिउँभाउन खोजेका छन् । यसै कारणले पूर्वीय प्राचीन आर्यसंस्कृति र त्यसको कथा आफूलाई अत्यन्त मन पर्ने कुरालाई सुन्दर दृष्टान्तद्वारा सङ्केत गरेका छन् । उनले जसरी जाडामा पनि कोइली वसन्त ऋतुका कुसुमका सुगन्धहरू सम्भँदै फेरि दिन फर्कने वा पुनः वसन्तको आगमन हुने प्रतीक्षा गर्दै बस्छ र वास्तवमै वसन्तको पुनरागमन पनि हुन्छ त्यसरी नै प्राचीन आर्ष चिन्तन, संस्कृति र जीवनपद्धतिको पुनर्स्थापन हुनेछ भन्ने आशा यसरी अभिव्यञ्जित गरेका छन् :

"मीठो लाग्छ मलाई ता प्रियकथा प्राचीन संसारको ।
हाम्रो भारतवर्षको उदयको हैमप्रभा सारको ॥
जाडामा पनि कोयली कुसुमका बास्नाहरू सम्भिदै
फर्केलान् दिन फेरि उत्तर भनी बस्छे अकेली रुँदै ॥" (१ :३)

कृष्ण गौतमले*'शाकुन्तल* महाकाव्य प्रकृतिवादी दर्शनमा आधारित रहेको र यसमा दुष्यन्तको आदर्श राज्यव्यवस्था, स्वतन्त्रता, समानता, प्रजातन्त्र र भ्रातृभावको आदर्श आदि कुराको चित्रण गरिएको (गौतम, २०५६, पृ. १०५-१०६)' भनी उल्लेख गरेका छन् भने महादेव अवस्थीले *शाकुन्तल* महाकाव्यमा वर्तमानको बोध पनि मिसिएको प्राचीन पूर्वीय सांस्कृतिक पुनराख्यानलाई विषयवस्तु बनाएर दीनहीन, जड, सङ्कटग्रस्त एवं मूल्यहीन वर्तमानलाई अतीतकालीन सांस्कृतिक पोषण प्रदान गरी समृद्ध, सचेत, सङ्कटमुक्त र मूल्यवान् तुल्याउने लक्ष्य लिइएको देखिन्छ र वास्तवमा समग्र *शाकुन्तल* महाकाव्य पूर्वीय प्राचीन सांस्कृतिक जनजीवनतर्फको यात्राकै नयाँ सृजनात्मक परिणति भएको र त्यही अतीतोन्मुख यात्राअन्तर्गत नै गृहस्थ जीवन, राजनीतिका दाउपेच, भौतिक सम्पन्नता र सुखवैभव, आदर्श प्रेम, तपोवनको सौन्दर्य तथा शान्ति, आर्ष आध्यात्मिक जीवनका कोमल आदर्श आदिको अभिव्यक्तिद्वारा जड, सङ्कटग्रस्त, दीनहीन एवं मूल्यहीन वर्तमान मानवीय जीवनलाई नयाँ मोड दिई वर्तमान युगको नवनिर्माण गर्ने आकाङ्क्षा ध्वनित भएको छ ( अवस्थी, २०६४, पृ. ११३) ।' भनेका छन् । आर्यसंस्कृतिको स्वर्णयुगलाई स्मरण गर्दै त्यही स्वर्णयुगको

पुनर्स्थापना एवं वर्तमान जीवनको समुत्थान, पुनःनिर्माण र परिष्कार गर्न चाहने कविको इच्छा *शाकुन्तल*मा अभिव्यञ्जित छ । हाम्रा गौरवमय सांस्कृतिक परम्परा र आदर्शप्रति आस्थावान् देवकोटाले प्राचीन प्राकृतिक आर्यसभ्यताको आदर्शको महिमा गाएका छन् (त्रिपाठी, न्यौपाने र सुवेदी, २०४९, पृ. २८) । प्राचीन अतीतका आदर्शको अनुसरण गर्न, आर्षयुगका सुषुप्त भाव ब्युँझाउन, वर्तमानको मृतकको जस्तो नाम मात्रको कोलाहलमय जिन्दगीमा पर्दा लगाएर अतीतका सुषुप्त भावलाई बिउँझाउँदै प्राचीन भारतवर्षलाई सम्झेर अतीतको यात्री बन्न महाकाव्यले यसरी अभिप्रेरित गरेको छ :

"यात्री आज बनूँ अतीत युगका, सम्झूँ त त्यो भारत ।
ब्यूँझाऊँ त सुषुप्तभाव अघिका, पर्दा लगाऊँ यता ॥
यो कोलाहल बिर्सिऊँ, मृतकको यो नामको जीवन ।
पाल्नोस् सज्जनवृन्द, यो रसिकको मीठो छ वृन्दावन ॥" (१ :९)

यसरी हेर्दा वर्तमान जीवन दीनहीन र मृतकतुल्य छ भन्दै यही दीनहीन र मृतकतुल्य जीवनलाई नवीन जीवन वा पुनर्जीवन प्रदान गर्नका लागि आफ्ना पुर्खाका आदर्शको स्मरण र आर्यसंस्कृतितिरको भावात्मक प्रत्यावर्तनको अनिवार्यता औँल्याउनु नै *शाकुन्तल* महाकाव्यको सांस्कृतिक पुनर्जागरणको स्वर हो । आफ्नो युगप्रति सचेत कवि देवकोटाले आफू बाँचेको दीन-हीन अवस्था र गरीबीबाट प्राचीन सभ्यताको सुनौलो अतीततिर फर्कन चाहन्छन् परन्तु यस क्रममा प्राचीन संस्कृतिको उच्च मूल्यको स्मरण गर्दै नयाँ प्रेरणा लिई नयाँ युगको आवाहन गर्दछन् (त्रिपाठी, न्यौपाने र सुवेदी, वि.सं. २०४८, पृ. १४३-४४) ।' देवकोटा स्वर्णिम अतीतका समृद्ध कथाहरूद्वारा वर्तमान (महाकाव्यको लेखनकाल)का निस्सारता र खोक्रोपनलाई भरिलोपनमा परिणत गर्न चाहन्छन् । जनसाधारणलाई वर्तमानको कोलाहलबाट बँचाएर प्राचीन आनन्दमा डुबाउनको लागि मिथकको सहारा लिन चाहन्छन् । कवि 'सज्जन जनताजनार्दन नजरमा हातको पाली हाली प्रज्ञापूर्ण दृष्टिले सबै अज्ञानका बादल छेडेर यो सुदूर प्राचीन जगत् देखून्, देशको हृदयरूपी रङ्गमञ्चमा पात्रहरू सजीव बनेर नाचून् र वर्तमानका दुःखी मान्छेहरू एकैछिन मात्र भए पनि प्राचीन आनन्दमा डुब्न पाऊन्' भन्ने चाहना यसरी प्रकट गर्छन् :

"देखून् सज्जन हातले नजर क्यै छेकेर टाढातिर ।
यो प्राचीन जगत् सुदूर युगका छेडी सबै बादल ॥
नाचून् पात्र सजीवतासँग यहाँ हृद्रङ्गमा देशको ।
थोरैबेर जिऊन् दरिद्र दुनियाँ प्राचीन आनन्दमा ॥" (१ : ३०)

समयलाई सुनौला बनाई फरक्क फर्काएर पृथ्वीलाई फेरि जवान "(पृथ्वी हुन् तरुनी फरक्क समय फर्कोस् सुनौला बनी । (१ :१४)" बनाउन चाहने देवकोटाको *शाकुन्तल* महाकाव्यको मूलस्वर वा केन्द्रीय प्रतिपाद्य विषय नै यही जागरणको स्वर र यही युगीन प्रतिध्वनि नै हो । यही केन्द्रीय स्वरलाई घरघरमा घन्काएर मृत वा सुषुप्त नेपाली जनजीवनलाई ब्युँझाई प्राचीन सांस्कृतिक सभ्यता र आदर्शका आचार-विचारका बीज रोपेर फैलाउने देवकोटाका स्वच्छन्दतावादी परिकल्पनाहरू *शाकुन्तल*मा मुखरित भएका छन् :

"नेपाली घरमा बनाउँछु भनी प्राचीनको यो वन ।
रोपेँ बीज विचारका, कलमका बुट्टा बनून् बल्लरी ॥
मालादार गला बनून् रसिकका पङ्खा नचाऊन् परी ।
सानो कुड्मल उक्सिँदै हृदयको बास्ना बनोस् वायुमा ॥" (१ :१२)

*शाकुन्तल* महाकाव्यमा त्यस्तो अतीतको कथा रोजिएको छ जसमा प्रकृतिको चमत्कार छ ; नागर सभ्यताको विकृति छ ; देव, दानव, मानव र तपस्वी छन् ; आश्रम छन्, ज्ञान छ र धर्ती तथा स्वर्गको सङ्गम छ (गौतम, २०५६, पृ. १२३) । वन र वन्य जीवन, नगर र नागर जीवन अनि दिव्यलोक र देवताको जीवन

गरी मूलतः तीन प्रकारका परिवेशको चित्रण गरिएको यस महाकाव्यमा वन र वन्यजीवनगत परिवेश नै व्यापकरूपमा आएको छ (गड्तौला, २०६९, पृ. ३९) । समग्रमा *शाकुन्तल* महाकाव्यमा, तपोवन र ऋषिजीवन, राजकीय प्रताप र राज्यकौशलले परिपूर्ण एवं सुसमृद्ध आर्यसभ्यता, आर्यसंस्कृतिको उषाकालको ईश्वर, प्रकृति र मान्छेका बिचको त्रिकोणात्मक सम्बन्ध, प्रकृतिरूपी पाठशाला, प्राकृतिक र आध्यात्मिक पवित्रता आदि सन्दर्भहरू आएका छन् ।

**अतीतकेन्द्री विषयवस्तुबाट वर्तमानलाई शिक्षा**

*शाकुन्तल* महाकाव्यको कथानक अतीतकेन्द्री छ । यस महाकाव्यको पुरानो शैलीको कथानकमा कालिदासीय गन्ध भए तापनि मानवीय शाश्वत भावनाहरूको प्रकाशन गर्नमा यसले विशिष्टता देखाएको छ ( बन्धु, २०४६, पृ. ५१२) ।' यस महाकाव्यको विषयवस्तु अतीतकेन्द्री भए पनि वर्तमानलाई शिक्षा दिनु यसको अभीष्ट हो । अर्ती बुद्धिका निम्ति गौतमीलाई भेट्न "(अर्ती बुद्धि छ चाहिने यदि भने भेटून् यहाँ गौतमी । (१ :२९)" सल्लाह दिने देवकोटा नीतिका निम्ति, भक्तिका निम्ति, ज्ञानका निम्ति, काव्यचातुरीका निम्ति, विलासका निम्ति तथा एकान्त साधनाका निम्ति समेत यस काव्यको प्रयोग गर्न सकिने कुरा यसरी औंल्याउँछन् :

"ठूला नीति सिकून्, प्रजाहरू सिकून् सद्भक्तिको माधुरी ।
ज्ञानी ज्ञान सिकून्, सिकून् कविहरू यो काव्यमा चातुरी ॥
जानून् गर्न विलास दिव्य यसमा सारा नवाबी जन ।
बस्ती नव्य बसाउने रसिक हुन् एकान्त वृन्दावन ॥" (१ :३१)

यसरी *शाकुन्तल* महाकाव्यमा गार्हस्थ्य अर्तीबुद्धि, मातृवात्सल्य, आध्यात्मिक ज्ञान, नैतिक आदर्श, आदर्श प्रेम आदि विविध सन्दर्भहरू आएका छन् र शाकुन्तलका प्रमुख पात्रहरूले यही कुराको सङ्केत गरेका छन् :

गार्हस्थ्य शिक्षादीक्षा वा अर्ती बुद्धिका निम्ति -गौतमी
मातृत्वका निम्ति -मेनका र शकुन्तला
आध्यात्मिक ज्ञानका निम्ति - कण्व र कश्यप
नैतिक-राजनीतिक आदर्श र उदात्त चेतना तथा प्रेमका निम्ति- दुष्यन्त
आदर्श तथा अमर प्रेमका निम्ति - शकुन्तला
तप तथा आध्यात्मिक ज्ञानका निम्ति - कण्व, कश्यप प्रभृति ऋषिहरू
वैभव र विलासका निम्ति- दुष्यन्त तथा इन्द्र आदि ।

**प्रकृतिमै सच्चिदानन्दस्वरूप ब्रह्मको आभासको अनुभूति**

प्रकृति नै ज्ञानको स्रोत हो र प्रकृतिको नियम अनुसारको आचरणमा चल्ने हो भने मानिसले कहिल्यै धोका खानुपर्दैन । यो कुरा बुझ्नेहरूका लागि पशु, पन्छी, वृक्ष, लहरालगायत समस्त प्रकृतिजगत् बन्धुबान्धव सरह हो भन्ने धारणा महाकाव्यमा यसरी व्यक्त गरिएको छ :

"धोका हुन्न यहाँ कतै प्रकृतिमा हे दिव्यताकी शिशु ।
बुझ्नेलाई बिरादरी तरु, लता, कल्लोल पन्छी पशु ॥" (५ :३१)

नैसर्गिक नियमलाई वेदमा ऋत भनिएको छ भने बुद्धले धम्म (धर्म) भनेका छन् । वास्तवमा धर्म भनेको दार्शनिक मान्यता, साम्प्रदायिक सङ्कीर्णता, बौद्धिक तर्कवितर्क तथा वाणीविलासभन्दा परको विशुद्ध आचारमार्ग हो जसबाट शुद्ध चैतन्यको बोध हुन्छ । त्यस नैसर्गिक आचरणमा कहिल्यै धोका

हुँदैन । *शाकुन्तल* महाकाव्यमा देवकोटाको प्रकृतिचिन्तन ईश्वरीयताको भावात्मक अभिव्यक्ति र मानवतावादी सन्दर्भका रूपमा आएको पाइन्छ । देवकोटाको कविले यही ईश्वरीयताको प्राकृतिक सत्यलाई सङ्केतित गर्दै आदर्श जीवनको परिकल्पना गरेको छ । देवकोटाको स्वच्छन्दतावादी चेतनाको महŒवपूर्ण प्रवृत्ति आस्तिकता र ईश्वरीय आस्थाबाट विकसित रहस्यचेत र आध्यात्मिकता पनि हो । उनी भौतिकता र यथार्थवादी वस्तुताका विपरीत आत्मिक मूल्यतर्फ बारम्बार आकर्षित हुन्छन् (त्रिपाठी, न्यौपाने र सुवेदी, वि.सं. २०५४, पृ. १९०) ।' प्रकृतिचित्रणकै सन्दर्भमा कतिपय श्लोकमा कविले प्रकृतिमै सच्चिदानन्दस्वरूप ब्रह्मको आभासको अनुभूति एवं ईश्वरको सृजनप्रक्रियाको भावात्मक अभिव्यञ्जना पनि निम्नानुसार प्रस्तुत गरेका छन् :

"छ हास सब वासनामय महाचिदाऽऽभासमा ।
समुल्लसित ज्योति छन् सृजनाका हृदाकाशमा ॥
बनी मधुर बोल्दछन् विहग-जीवनी आशमा ।
उही छवि छ झल्किँदो मृदुल सर्सरे घाँसमा ॥" (९ :१६)
"छ जो अमित ब्रह्मको निज अनन्त आनन्दिता ।
त्यही प्रथम भावको स्फुरणमा लिई स्पन्दता ॥
सुगन्धसरि बन्द भै कुसुम-कुड्मल-स्वप्नमा ।
अनन्त मृदु ओठ ली छ कि वसन्त विस्तारमा ॥" (९ :१८)

जसरी बीज वृक्षमै अन्तर्निहित हुन्छ त्यसरी नै स्रष्टा पनि सृष्टिमै लीन भई आफू अदृश्य रहेर समस्त सृष्टि सञ्चालन गरिरहेको हुन्छ भन्ने रहस्यचिन्तन पनि यस महाकाव्यमा व्यञ्जित भएको छ । मुण्डकोपनिषद्मा यो समस्त सृष्टिको प्रादुर्भावको उपादान तथा निमित्त कारण ब्रह्मलाई नै मानेर 'जसरी माकुराले स्वेच्छाले आफ्नो अन्तःस्थ उपकरणद्वारा जालो बुन्छ र स्वेच्छाले नै पुनः त्यसलाई स्वयंभित्र समाविष्ट गर्छ ; जसरी धरतीबाट औषधिहरू उत्पन्न हुन्छन त्यसरी नै अक्षर ब्रह्मबाट नै विश्वरूपी सृष्टि सम्भव हुन्छ (मुण्डकोपनिषद्-१/१/७)' भनिएको छ । श्वेताश्वतरोपनिषद्मा 'यो सबै विश्व मायापति ईश्वरले अक्षरबाट नै उत्पन्न गर्दछ (श्वेताश्वरतरोपनिषद्-४/९) त्यसैले प्रकृतिलाई मायाका रूपमा चिन्नु पर्दछ भने ईश्वरलाई मायापतिका रूपमा चिन्नु पर्दछ (श्वेताश्वतरोपनिषद्-४/१०)' भनेर मूलशक्ति/आद्याशक्तिका रूपमा प्रकृतिलाई चिनाइएको छ । निरालम्बोपनिषद्मा 'ब्रह्म प्रकृति नामक आफ्नो शक्तिको आश्रयले लोकहरूको सृष्टि गरेर तिनमा अन्तर्यामी रूपबाट प्रवेश गर्दछ ; यही ब्रह्मादेखि स्थावरपर्यन्त सबैको अन्तःकरण तथा इन्द्रियहरूको नियामक प्रकृतिसहितको अन्तर्यामी ब्रह्मको नाम नै ईश्वर हो (निरालम्बोपनिषद्-४)' भनिएको छ भने त्यहीँ 'ब्रह्मको ज्ञानशक्ति नै प्रकृति हो जसमा ब्रह्मबाट नाना प्रकारको विचित्र जगत्को निर्माणको सामर्थ्य रहन्छ (निरालम्बोपनिषद्-६)' भनिएको छ । त्यसरी नै गीतामा 'परमात्माबाट अधिष्ठित प्रकृतिले नै चराचर जगत्को सृष्टि गर्दछ र त्यसैको कारणशक्तिबाट जगत्मा विविध परिवर्तन भइरहन्छन् (गीता-९/१०)' भनिएको छ भने त्यहीँ 'सत्व, रज र तम यी प्रकृतिबाट उत्पन्न भएका गुण हुन् (गीता-१४/५)' भनिएको छ । *शाकुन्तल* महाकाव्यमा पनि प्रकृतिचित्रणका सन्दर्भमा आएका निम्नलिखित पङ्क्तिहरूमा उपर्युक्त आध्यात्मिक चिन्तनझैँ समस्त सृष्टिको भित्र-बाहिर सच्चिदानन्दस्वरूप अद्वैत अविनाशी तत्व नै व्याप्त छ भन्ने चिन्तन ध्वनित भएको छ :

"आत्मा हेर विभिन्न रूपहरूमा ती फूलमा, जन्तुमा ।" (५ :२४)
"हाम्रो यो अनुमान हुन्छ सबको हो सूत एकै थर ।" (५ :४२)

"एकै चीज छ भित्र बाहिर जगत् भन्ने छ सम्भावना ।" (५ :४३)

"एकै नै महिमा मिलेर सबले दूधालुको दोहियो ।" (५ :४४)

"छ ईश मृदु छन्दमा कुसुम बन्धका गन्धमा ।" (९ :१०)

"छ चित् शबल रङ्गमा लहरिँदो लतासँगमा ।" (९ :१३)

उपर्युक्त पङ्क्तिहरूमध्ये पहिलो पङ्क्तिमा 'नाना रूपात्मक विश्वका लता, वृक्ष, फूल, पशु, पन्छी, मानिस आदि सबैमा एउटै आत्मा रहेको, दोस्रो पङ्क्तिमा सृष्टिका समस्त वस्तुहरू ब्रह्मको एउटै धागोमा उनिएका, तेस्रो पङ्क्तिमा समस्त जगत्को भित्र-बाहिर सच्चिदानन्दस्वरूप अद्वैत ब्रह्मचैतन्य नै व्याप्त रहेको, चौथो पङ्क्तिमा सबै धर्म तथा दर्शनहरू मिलेर एउटै ब्रह्मरूपी दुधालुको दोहन गरिएको, पाँचौँ पङ्क्तिमा कोमल लय तथा फूलका सुगन्धमा समेत ईश्वर नै व्याप्त रहेको, छैटौँ पङ्क्तिमा लहराइरहेका लताहरूको रङ्गमा पनि चैतन्य व्याप्त रहेको' भाव व्यञ्जित भएको छ । यसरी आन्तरिक आध्यात्मिकता र प्राकृतिक रमणीयताका बिचको सहसम्बन्धको प्रतिपादन गर्दै यस महाकाव्यका कतिपय पङ्क्तिहरूमा प्रकृतिको सृजनप्रक्रियाको सूक्ष्म सङ्केत पनि गरिएको छ ।

## भोग तथा त्यागको समन्वयबाट नै दिव्यता एवं मोक्षको प्राप्ति

मानिस सहज प्रकृतिका माध्यमबाट नै दिव्यतासम्म पुग्न सक्दछ र भोग तथा तपको समन्वयबाट नै जीवनको परिपूर्णता प्राप्त गर्न सक्दछ भन्ने चिन्तनलाई पनि देवकोटाले *शाकुन्तल* महाकाव्यमा व्यञ्जित गरेका छन् । उक्त कुराको पुष्टि विश्वामित्रको तपोभङ्गका सन्दर्भमा देखा परेको त्याग र भोगवृत्ति बिचको अन्तर्द्वन्द्वले पनि गरेको छ । साङ्ख्य मतानुसार मानिस प्रकृतिको प्रज्ञापूर्ण उपभोग अर्थात् भोग तथा त्यागको समन्वयबाट नै अपवर्ग (मोक्ष)सम्म पुग्न सक्दछ किनभने प्रकृति तथा त्यसका समस्त कार्य-समूह पुरुष/आत्माको भोग र मोक्षको प्रयोजनका निम्ति नै प्रवृत्त हुन्छन् । पुरुष/आत्माको भोगका निम्ति प्रकृति-प्रसूत कार्य-समूह वा सृष्टिको आवश्यकता रहेको कुरा त स्पष्ट छँदैछ परन्तु पुरुषको मोक्षका निम्ति पनि प्रकृतिको आवश्यकता रहन्छ किनभने प्रकृति र पुरुषको भेद ज्ञान अर्थात् विवेक ज्ञानमा नै मोक्ष आधारित हुन्छ । मोक्षप्राप्तिको प्रयत्न तब मात्र प्रारम्भ हुन्छ जब विषयसुख तर्फको आकर्षण समाप्त हुन्छ । विषयसुख तर्फको आकर्षण तब मात्र समाप्त हुन्छ जब विषयसुखको विशेषता पूर्णतः ज्ञात हुन्छ । विषयसुखमा आस्वाद वा आकर्षण अवश्य नै छ । त्यसमा आस्वाद वा आकर्षण नभए प्राणीहरू त्यसप्रति आसक्त नै हुँदैनथे । विषयसुखप्रति प्राणीहरू आसक्त नै नहुने हो भने सृष्टिक्रम नै रोकिन पुग्छ । अविद्याग्रस्त प्राणीहरू विषयसुखको आस्वादनमा नै मस्त रहन्छन् त्यसैले भवसंसरणमा परिरहन्छन् । विषयसुखमा दोष पनि छ । विषयसुख क्षणभङ्गुर एवं विपरिणामी छ अर्थात् विषयसुख अन्ततः दुःखमा नै परिणत हुन्छ, यही नै यसको दोष हो । विषयसुखको आस्वादनप्रति प्राणीहरू आसक्त त छँदैछन् परन्तु मुक्तिका निम्ति विषयसुखको दोष जानेर त्यसबाट विमुख हुनु आवश्यक हुन्छ । जब मानिस विषयसुखको निरर्थकता एवं सारहीनताको अनुभूति गर्छ अनि मात्र ऊ विषयवासनाबाट मुक्तिको प्रयास गर्छ । यही वैराग्य एवं मोक्षप्राप्तिको प्रयत्नको फलस्वरूप उसले विवेक ज्ञान अर्थात् मोक्षप्राप्ति गर्दछ ।

साङ्ख्य मतानुसार सृष्टिको आविर्भाव निरुद्देश्य तथा निष्प्रयोजन नभएर सोद्देश्य तथा सप्रयोजन भएको हो । प्रकृति सहित समस्त चौबीस तत्व स्वयं अचेतन भए पनि चेतन पुरुष/आत्माको भोग तथा अपवर्ग (मोक्ष)को प्रयोजनसिद्धिका निम्ति प्रवृत्त हुन्छन् । 'जसरी अचेतन वृक्षहरूमा चेतन प्राणीहरूको उपभोगका निम्ति फल फल्दछन् ; अचेतन जल परोपभोगार्थ विभिन्न स्रोत तथा नदीहरूका रूपमा प्रवाहित हुन्छ ; गाईको थुनबाट आफ्नो बाच्छा तथा अन्यजनको उपभोगका निम्ति दुध निस्कन्छ त्यसरी नै प्रकृतिका

अचेतन तत्वहरू पनि चेतनको उपभोगका निम्ति प्रवृत्त हुन्छन् र त्यसरी नै प्रधान (मूलप्रकृति) पनि पुरुष/आत्माको भोग तथा विमोक्षका निम्ति प्रवृत्त हुन्छ (साङ्ख्यकारिका-५७) ।' प्रकृतिका सबै बन्धनबाट मुक्त, कुटस्थ, नित्य, अमृत, शाश्वत, ध्रुव, सर्वव्यापी, साक्षीस्वरूप, निष्क्रिय, गतिहीन तथा उदासीन भए तापनि चैतन्यस्वरूप भएका कारण समस्त सृष्टिका अचेतन पदार्थहरूको उपभोक्ता पुरुष/आत्मा नै हुन आउँछ । त्यस्तै स्वयं कार्य-कारण शृङ्खलाबाट पृथक् भए पनि यस सृष्टिको आविर्भावको निमित्त कारण तथा प्रयोजन कारण पनि पुरुष/आत्मा नै हो । प्रकृतिसँग पुरुषको संयोग या संयोगाभासविना सृष्टिको आविर्भाव हुन सक्दैन र चेतन पुरुष/आत्माको भोग तथा अपवर्ग (मोक्ष)का प्रयोजनसिद्धिका लागि नै समस्त सृष्टि प्रवृत्त हुन्छ । त्याग भोगको तथा वैराग रागको विपरीत पाटो मात्र भएको हुँदा प्रज्ञारहित दमनबाट मात्र जीवन्मुक्तिको प्राप्ति सम्भव हुँदैन किनभने जीवन्मुक्ति सन्तुलनमा घटित हुन्छ । जीवन्मुक्तिका निम्ति त भोग तथा त्याग र राग तथा वैरागको पनि अतिक्रमण गरी वीतराग बन्न सक्नुपर्छ । अन्यथा त्याग भोगमा र वैराग रागमा परिणत हुने कुराको पुष्टि विश्वामित्रको तपोभङ्गका सन्दर्भमा देखा परेको अन्तर्द्वन्द्वले पनि गरेको छ :

"त्यहाँ ब्रह्मको अमृताऽनन्द झल्की ।
तपस्वी रमाए सुधा दिव्य टल्की ॥
त्यहाँ खोज आफ्नो पुग्यो सिद्धिचूली ।
भए मुक्त ज्यूँदी जगज्जाल भुल्दा ॥" (४ :६९)
"लिए हात आहा ! लता झैँ कलीलो ।
शशीको सफा बाहुली झैँ हँसीलो ॥
जहाँ पुष्परेखा नशादार राम्रा ।
छुँदामा नशामा नशा झैँ दगुर्छ ॥" (४ :७०)
"तपस्यापिपासा बुझ्यो बाहुलीमा ।
त्यहाँ चुम्नको चारु आनन्द चाखी ॥
रसीला भएका तिनी बोल्न थाले ।
सुनिन् लज्जती लाजकी मेनकाले ॥" (४ :७१)

विषयवासनाको दमनमा आधारित तपस्यामा तल्लीन तपस्वी विश्वामित्र अन्तत: अप्सरा मेनकाको सौन्दर्यपूर्ण हाउभाउ, कटाक्ष र छम्ममाहटबाट पराजित हुन्छन् । अनि मेनकाको सौन्दर्यमा ब्रह्मको अमृताऽनन्द झल्केको र दिव्य सुधा टल्की आफ्नो खोज सिद्धिको चुलीमा पुगेको ठान्छन् ; अनि छुनासाथ नसा (स्नायु)लाई नसा (मादक पदार्थ)ले झैँ रोमाञ्चित गराउने, लताझैँ कलिला र शशीका सुन्दर बाहुलीझैँ हँसिला, नशादार पुष्परेखा भएका, मेनकाका हात समाउन पुग्छन् । मेनकाको बाहुली समातेर चुम्नुको चारु आनन्द चाखेपछि उनको तपस्याको पिपासा तत्काल निभ्दछ । उनी रूमानी मनोदशा/भावदशामा रसिला भएर मेनकाको सौन्दर्यको प्रशंसामा शब्दवृष्टि गर्न थाल्दछन् । विश्वामित्रले आफ्नो तपस्याको प्रारम्भदेखि नै दमनपूर्ण तपमार्गको अनुसरण नगरी प्रज्ञापूर्ण तपमार्गको अनुसरण गरेर त्यागपूर्ण उपभोग (तेन त्यक्तेन भुञ्जीथा... ईशावास्योपनिषद्-१) अर्थात् भोग तथा तपको समन्वय गर्न सकेका भए मेनकाले उनको तपोभङ्ग गर्न सक्ने थिइनन् । किनभने त्यागको महत्व वस्तुको त्यागमा नभएर तृष्णाको त्याग र अझ उपादान/आसक्तिको त्यागमा हुन्छ ; कर्मको त्यागमा नभएर फलाशक्तिको त्यागमा हुन्छ । अत: यस कहाकाव्यमा त्याग तथा भोगको अतिमा नगई तिनको सामञ्जस्य वा सन्तुलनबाट नै दिव्यता एवं मोक्षको प्राप्तिसमेत सम्भव हुन्छ ; जीवनको परिपूर्णता प्राप्त गर्न सम्भव हुन्छ भन्ने चिन्तन पनि प्रतिपाद्य विषयका

रूपमा व्यञ्जित हुन पुगेको छ ।

उपर्युक्त कुराहरूका अलावा जीवन-जगत्को विराट् चिन्तन, भौतिक-प्राकृतिक जगत्, नागरजीवन, तपोवन, राजगाथा, ऋषिगाथा, भौतिक तथा आध्यात्मिक मूल्यका आरोह-अवरोहका साथै दुष्यन्त र शकुन्तलाको मिलन, विरह र पुनर्मिलनको चित्रण *शाकुन्तल* महाकाव्यले गरेको छ । यस महाकाव्यमा देवता र मनुष्यको सम्बन्ध, जङ्गलको स्वच्छ तथा सुरम्य प्राकृतिक परिवेशमा कुटी बनाएर तपस्या गर्ने ऋषिपरम्परा, विवाहित रानीबाट जन्मेको सन्तान राज्यको उत्तराधिकारी हुने राजपरम्पराजस्ता कुराहरू पनि आएका छन् । यसरी दुष्यन्त तथा भरतको शासनकालको भारतवर्षीय आर्यसंस्कृति तथा सभ्यताको अभ्युदयलाई *शाकुन्तल* महाकाव्यले प्रमुख विषयका रूपमा प्रतिपादित गरेको देखिन्छ ।

**निष्कर्ष**

*शाकुन्तल* महाकाव्यमा अतीतको सांस्कृतिक पुनराख्यानलाई विषयवस्तु बनाएर दीनहीन, सङ्कटग्रस्त तथा मूल्यहीन वर्तमानलाई पोषण प्रदान गरी सचेत, समृद्ध, सङ्कटमुक्त तथा मूल्यवान् बनाउने प्रयास गरिएको छ । प्रकृतितिर फर्कनुलाई नै मानव जीवनको सुखशान्तितर्फको यात्रा ठान्ने देवकोटाले वर्तमान युगका मनुष्यलाई पूर्वीय अतीतको यात्री बनाई पूर्वीय प्राकृतिक सभ्यताको उषाकालतर्फ आकर्षित गर्ने प्रयत्न गरेका छन् । देवकोटाले मनुष्यमा अन्तर्निहित सृष्टिको विलक्षणता र रहस्यलाई बोध गर्न सक्ने अनौठो तथा सूक्ष्म शक्तितर्फ सङ्केत गर्दै प्रकृति एवं मानवमै ईश्वरीयता अन्तर्निहित रहेको कुरा व्यञ्जित गरेका छन् । यस महाकाव्यमा सृष्टिको आविर्भाव निरुद्देश्य तथा निष्प्रयोजन नभएर सोद्देश्य तथा सप्रयोजन भएकाले सहज-स्वाभाविक तथा प्रज्ञायुक्त प्राकृतिक जीवनका माध्यमबाट नै मानिस दिव्यतासम्म पुग्न सक्दछ अनि भोग तथा तपको समन्वयबाट नै मोक्ष वा जीवनको परिपूर्णता प्राप्त गर्न सक्दछ भन्ने चिन्तनलाई अभिव्यञ्जित गरिएको छ । भौतिक भोगसाधना तथा आध्यात्मिक योगसाधनाको द्वन्द्वमा आध्यात्मिक र भौतिक तत्वका बिच सन्तुलन/सामन्जस्य कायम गर्दै भौतिक शक्ति क्रमशः आत्मिक शक्तितर्फ उन्मुख भएको देखाउनु *शाकुन्तल*को प्रतिपाद्य विषयवस्तुको महत्वपूर्ण पक्ष हो । यस महाकाव्यले जीवन-जगत्को विराट् अभिव्यञ्जन, भौतिक-प्राकृतिक जगत्, नागरजीवन, तपोवन, राजगाथा, ऋषिगाथा, भौतिक आध्यात्मिक मूल्यका आरोह-अवरोहका साथै दुष्यन्त र शकुन्तलाको मिलन, विरह र पुनर्मिलनको चित्रण गरेको छ । यस महाकाव्यमा देवता र मनुष्यको सम्बन्ध, जङ्गलको स्वच्छ तथा सुरम्य प्राकृतिक परिवेशमा कुटी बनाएर तपस्या गर्ने ऋषिपरम्परा, विवाहित रानीबाट जन्मेको सन्तान राज्यको उत्तराधिकारी हुने राजकीय परम्पराजस्ता कुराहरू पनि आएका छन् । मुख्य रूपमा दुष्यन्त तथा भरतको शासनकालको भारतवर्षीय आर्यसंस्कृति तथा सभ्यताको अभ्युदयलाई देखाउनु नै 'शाकुन्तल' महाकाव्यको मूल प्रतिपाद्य विषय हो ।

**सन्दर्भसामग्री**

अवस्थी, महादेव (२०६४). *आधुनिक नेपाली खण्डकाव्य र महाकाव्यको विमर्श,* काठमाडौँ :इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

*ईशावास्योपनिषद्* (२०६८). गोरखपुर : गीताप्रेस ।

ईश्वरकृष्ण (सन् २००९). *सांख्यकारिका,* वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

गड्तौला, नारायणप्रसाद (२०६९). *शाकुन्तल महाकाव्यको विवेचना,* काठमाडौँ : शुभकामना प्रकाशन ।

गौतम, कृष्ण (२०५६). *देवकोटाका प्रबन्धकाव्य,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

चापागाईं, नरेन्द्र (२०५९). 'शाकुन्तलको पृष्ठभूमिमा कालिदास र देवकोटा' *नेपाली स्नातकोत्तर समालोचना,* घटराज भट्टराई (सम्पा.), काठमाडौँ : पैरवी बुक्स एण्ड स्टेशनरी सेन्टर, पृ. ५८-६८ ।

जोशी, कुमारबहादुर (२०४५). *महाकवि देवकोटा र उनका महाकाव्य,* काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव (वि.सं २०४८). *नेपाली कविता (भाग २),* काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव (वि.सं २०४९). *नेपाली कविता (भाग १),* काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव (वि.सं २०५४). *नेपाली कविता (भाग ४),* काठमाडौँ : साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०७७). *शाकुन्तल महाकाव्य,* काठमाडौँ : साझा प्रकाशन ।

*निरालम्बोपनिषद्* (२०६८). गोरखपुर : गीताप्रेस ।

बन्धु, चूडामणि (२०४६). *देवकोटा,*काठमाडौँ : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०५९). 'महाकवि देवकोटा र उनको युग' *नेपाली स्नातकोत्तर समालोचना,* घटराज भट्टराई (सम्पा.), काठमाडौँ : पैरवी बुक्स एण्ड स्टेशनरी सेन्टर, पृ. १४४-१५२ ।

भट्टराई, धनपति (२०७५). *शाकुन्तल महाकाव्यमा वक्रोक्ति,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी डीन कार्यालय, कीर्तिपुर ।

*मुण्डकोपनिषद्* (२०६८). गोरखपुर : गीताप्रेस ।

*श्वेताश्वतरोपनिषद्* (२०६८). गोरखपुर : गीताप्रेस ।

*श्रीमद्भगवद्गीता* (२०६७). गोरखपुर : गीताप्रेस ।